मिति २०७८।११।०९ मा विभागीय मन्त्रीस्तरबाट स्वीकृत

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय

# कृषि पूर्वाधार विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७८

## पृष्ठभूमी

ग्रामीण उद्यम तथा आर्थिक विकास आयोजनाको सम्भाग ३ अन्तर्गत कोभिड १९ को असरबाट प्रभावित खाद्य आपूर्ति शृङ्खलालाई सुदृढ पार्दै स्थानीय अर्थ व्यवस्थामा सुधार गर्ने कार्य अन्तर्गत प्रदेश मन्त्रालय तथा स्थानीय तह संगको साझेदारीमा **प्रादेशिक/क्षेत्रिय कृषि बजार तथा कृषि मुल्य शृङ्खला पूर्वाधारहरु, स्थानीय कृषि तथा पशुसेवा सेवा केन्द्रहरु र स्थानीय कृषि बजार तथा कृषि मुल्य शृङ्खला पूर्वाधार निर्माण वा स्तरोन्नतीका** लागि कार्यक्षेत्र छनौट, कार्यक्रम संचालनका आवश्यक मापदण्ड, संरचनाहरु निर्माण तथा सञ्चालन प्रकृया, एवं मूल्याङ्कनका आधारहरु निर्धारण गर्न वाञ्छनीय भएकोले विनियोजन ऐन २०७८ को दफा ९ को उपदफा (२) बमोजिम कृषि तथा पशुपन्छी विकास मन्त्रालयले यो कार्यविधि स्वीकृत गरी लागू गरेको छ।

## परिच्छेद- १

## प्रारम्भिक

१. **संक्षिप्त नाम र परिचय:** (१) यो कार्यविधिको नाम "कृषि पूर्वाधार विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७८" रहनेछ।

(२) यो कार्यविधि कृषि तथा पशुपन्छी विकास मन्त्रालयबाट स्वीकृत भएको मितिबाट प्रारम्भ हुनेछ।

२. **परिभाषा:** विषय र प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा:-;

क) "कार्यविधि" भन्नाले ग्रामीण उद्यम तथा आर्थिक विकास आयोजना अन्तर्गत "कृषि पूर्वाधार विकास सम्बन्धी कार्यविधि,२०७८" लाई जनाउदछ ।

ख) "आयोजना" भन्नाले ग्रामीण उद्यम तथा आर्थिक विकास आयोजनालाई जनाउँदछ।

ग) "कार्यालय" भन्नाले ग्रामीण उद्यम तथा आर्थिक विकास आयोजना समन्वय तथा कार्यान्वयनका लागि कृषि तथा पशुपन्छी विकास मन्त्रालय अन्तरगत स्थापना भएको **आयोजना निर्देशकको कार्यालयलाई** जनाउँदछ।

घ) "आर्थिक कोरिडर कार्यालय" भन्नाले ग्रामीण उद्यम तथा आर्थिक विकास आयोजना कार्यान्वयनका लागि फिल्डस्तरमा स्थापना भएका आर्थिक कोरिडोर कार्यालयहरुलाई जनाउँदछ ।



सचिव

ङ) "कृषि पूर्वाधार" भन्नाले यस कार्यविधि बमोजिम प्रदेश मन्त्रालय तथा स्थानीय तहसंगको समन्वयमा निर्माण तथा स्तरोन्नती हुने दफा ४ अनुसारका प्रादेशिक/क्षेत्रिय कृषि बजार, स्थानीय कृषि तथा पशुपन्छी सेवा केन्द्र र स्थानीय कृषि उपज संकलन तथा बिक्रि केन्द्र लगायतका कृषि मुल्य शृङ्खला पूर्वाधारहरुलाई जनाउँदछ।

च) "मन्त्रालय" भन्नाले कृषि तथा पशुपन्छी विकास मन्त्रालयलाई जनाउँदछ ।

छ) "प्रदेश तथा स्थानीय तह" भन्नाले आयोजना लागु भएका प्रदेश तथा स्थानीय तहलाई जनाउँदछ।

ज) "प्रदेश मन्त्रालय" भन्नाले प्रदेश सरकार अन्तर्गत कृषि तथा पशुपन्छी विकास हेर्ने मन्त्रालयलाइ जनाउँदछ।

३. <u>उद्देश्य:</u> यस कार्यविधिको उद्देश्यहरु देहाय वमोजिम हुने छन्।

क) आयोजना मार्फत हुने प्रादेशिक तथा स्थानीय कृषि पूर्वाधार निर्माण तथा स्तरोन्नती प्रकृयालाई सरल, सहज र पारदर्शी बनाउने ।

ख) आयोजना मार्फत हुने कृषि पूर्वाधार निर्माण तथा स्तरोन्नतीका लागि साझेदारी गर्ने प्रदेश मन्त्रालय तथा स्थानीय तह छनौट कार्यलाइ सहजिकरण गर्ने।

ग) आयोजना मार्फत निर्माण तथा स्तरोन्नती हुने कृषि पूर्वाधारहरुको सञ्चालन तथा व्यवस्थापनलाइ मार्गदर्शन प्रदान गर्ने।

४. <u>आयोजनाको लगानी रहने कृषि पूर्वाधारहरु:</u> आयोजना मार्फत देहाय बमोजिमका कृषि पूर्वाधारहरुको निर्माण वा स्तरोन्नती गर्न सकिनेछ ।

क) स्थानीय कृषि तथा पशु सेवा केन्द्र

ख) स्थानीय कृषि हाटबजार, कृषक बजार, सहकारी बजार, संकलन केन्द्र

ग) स्थानीयस्तरका ग्रेडिङ्ग केन्द्र, प्रशोधन केन्द्र, पोष्ट हार्भेष्ट केन्द्र, चिस्यान केन्द्र, प्याक हाउस, भण्डारण केन्द्र लगायतका कृषि मुल्य शृङ्खला पूर्वाधारहरु

घ) क्षेत्रिय/प्रादेशिक कृषि बजार

ङ) प्रदेशस्तरमा ग्रेडिङ्ग केन्द्र, प्रशोधन केन्द्र, पोष्ट हार्भेष्ट केन्द्र, चिस्यान केन्द्र, प्याक हाउस, भण्डारण केन्द्र लगायतका कृषि मुल्य शृङ्खला पूर्वाधारहरु

५. <u>कार्यक्रम सञ्चालन हुने स्थान र कार्यान्वयन निकाय:</u> (१) दफा ४ (क), (ख) र (ग) बमोजिमका कृषि पूर्वाधारहरुको निर्माण वा स्तरोन्नतीको कार्य आयोजनाको कार्यक्षेत्र भएका प्रदेश अन्तर्गतका स्थानीय तहको समन्वय र साझेदारीमा सम्बन्धित आर्थिक कोरिडोर कार्यालय मार्फत कार्यान्वयन हुनेछ।



सचिव

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाण्डौ

(२) दफा ४ (घ) र (ङ) बमोजिमका पूर्वाधारहरुको निर्माण वा स्तरोन्नतीको कार्य आयोजनाको कार्यक्षेत्र भएका प्रदेश अन्तरगत प्रदेश मन्त्रालयको समन्वय र साझेदारीमा कार्यालय मार्फत कार्यान्वयन हुनेछ।

## परिच्छेद- २

## कार्यक्रम सञ्चालन प्रकृया

**६. आशय पत्र पेश गर्ने:** (१) दफा ४ अनुसारका पूर्वाधारहरु निर्माण वा स्तरोन्नती गर्न ईच्छुक प्रदेश मन्त्रालयले  तथा स्थानीय तहहरुबाट आशय पत्र पेश गर्नका लागि आयोजना निर्देशक कार्यालय वा आर्थिक कोरिडोर कार्यालयहरु मार्फत सार्वजनिक सूचना प्रकाशन गरिनेछ।

(२) प्रदेश मन्त्रालयले प्रादेशकि/क्षेत्रिय कृषि बजारहरु निर्माणका लागि दफा ७ अनुसारको मापदण्ड एवं शर्तहरुको अधिनमा रही अनूसुची २ बमोजिमको ढाँचामा आयोजना निर्देशकको कार्यालयमा आशय पत्र पेश गर्नुपर्नेछ।

(३) स्थानीय तहले स्थानीय कृषि पुर्वाधारहरु निर्माणका लागि दफा ७ अनुसारको मापदण्ड एवं शर्तहरुको अधिनमा रही अनूसुची ३ बमोजिमको ढाँचामा सम्बन्धित आर्थिक कोरिडोर कार्यालयमा आशय पत्र पेश गर्नुपर्नेछ ।

(४) दफा ७ अनुसारको मापदण्ड एवं शर्तहरुको अधिनमा रही कृषि पूर्वाधारहरु स्तरोन्नती गर्न चाहने प्रदेश मन्त्रालय तथा स्थानीय तहले अनुसूची ४ बमोजिमको ढाँचामा क्रमशः कार्यालय र सम्बन्धित आर्थिक कोरिडोर कार्यालयमा आशय पत्र पेश गुर्नुपर्नेछ।

**७. कृषि पूर्वाधार विकासका लागि आशयपत्र पेश गर्दा पालना गर्नुपर्ने मापदण्ड एवं शर्तहरु:** १) कृषि पुर्वाधार विकासका लागि देहाय बमवजिमका मापदण्ड एवं शर्तहरु रहनेछन्।

(क) प्रस्तावित पूर्वाधार निर्माणका लागि उपयुक्त हुने जग्गा एकीन भएको हुनुपर्नेछ।

(ख) जग्गाको स्वामित्व सार्वजनिक वा सरकारी निकायमा रहेको हुनुपर्नेछ।

(ग) निर्माण हुने संरचना अनुसार अनुसूची १ बमोजिम आवश्यक न्यूनतम क्षेत्रफल भएको हुनुपर्नेछ।



सचिव

(घ) प्रस्तावित जग्गामा बाटो, पानी, ढल, बिजुली जस्ता आवश्यक पूर्वाधार सुविधा पुगेको हुनुपर्नेछ।

(ङ) प्रस्तावित कृषि पुर्वाधारहरूको विकासमा प्रचलित कानुन बमोजिम वातावरणीय परिक्षण/अध्यन/मुल्याङ्कनका हिसाबले उपयुक्त हुनुपर्नेछ।

(च) प्रस्तावित जग्गामा अन्य घर, टहरा, पसल वा सार्वजनिक/सामुदायिक संरचनाहरु नरहेको र स्वामित्व विवाद नरहेको (यस्ता संरचनाहरु भएको हकमा उक्त संरचनाहरु हटाउने प्रकृया र लाग्ने समयावधि उल्लेख गर्नुपर्ने)

८. **आशयपत्र छनौट र स्वीकृति:** (१) दफा ६ (३) अनुसार आर्थिक कोरिडर कार्यालयमा रित पूर्वक प्राप्त हुन आएका आशय पत्रहरुको मूल्याङ्कन गरि उपयुक्त आशय पत्रहरु छनौटका लागि आर्थिक कोरिडोर तहमा एक आशय पत्र मुल्याङ्कन तथा छनौट समिति रहनेछ। समितिमा देहाय बमोजिमका सदस्यहरु रहनेछन्।

(क) प्रमुख, आर्थिक कोरीडोर कार्यालय - संयोजक
(ख) अधिकृत प्रतिनिधी, प्रदेश मन्त्रालय वा मातहत कार्यालय - सदस्य
(ग) अधिकृत प्रतिनिधी, आयोजना निर्देशकको कार्यालय - सदस्य
(घ) लेखा हेर्ने कर्मचारी, आर्थिक कोरीडोर कार्यालय - सदस्य
(ङ) कृषि अधिकृत, आर्थिक कोरीडोर कार्यालय -सदस्य-सचिव

(२) उपदफा (१) बमोजिमको समितिले मुल्याङ्कन गरी उपयुक्त ठहरिएका आशय पत्रहरु फिल्ड भेरिफिकेसन पश्चात स्वीकृतीका लागि **आयोजना निर्देशकको कार्यालयमा सिफारिस गर्नेछ ।**

(३) दफा ६ उपदफा (२) अनुसार आयोजना निर्देशक कार्यालयमा रित पूर्वक प्राप्त हुन आएका आशय पत्रहरुको मूल्याङ्कन गरि उपयुक्त आशय पत्रहरु छनौटका लागि आयोजना निर्देशक कार्यालय तहमा एक आशय पत्र मुल्याङ्कन तथा छनौट समिति रहनेछ। समितिमा देहाय बमोजिमका सदस्यहरु रहनेछन्।

क) आयोजना निर्देशक, आयोजना निर्देशकको कार्यालय - संयोजक
(ख) बरिष्ठ अधिकृतहरु, आयोजना निर्देशकको कार्यालय - सदस्य
(ग) बरिष्ठ अनुगमन तथा मूल्याङ्कन अधिकृत, आयोजना निर्देशकको कार्यालय - सदस्य
(घ) लेखा अधिकृत, आयोजना निर्देशकको कार्यालय – सदस्य
(ङ) कृषि अधिकृत, खरिद व्यवस्थापन शाखा – सदस्य सचिव

(४) उपदफा (१) र (३) बमोजिमको समितिमा आवश्यकता अनुसार इञ्जीनीयर परामर्शदाता सहित बढीमा दुई जना विषय विज्ञलाई आमन्त्रित सदस्यको रुपमा बोलाउन सकिने छ।



सचिव

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरवार, काठमाडौं

(५) उपदफा (३) बमोजिमको समितिले मुल्याङ्कन गरी उपयुक्त ठहरिएका आशय पत्रहरु फिल्ड भेरिफिकेसन पश्चात छनौट गरी स्वीकृतिका लागि आयोजना निर्देशक समक्ष सिफारिस गर्नेछ।

९. **<u>समितिको काम, कर्तव्य र अधिकार:</u>** दफा ८ को उपदफा (१) र उपदफा (३) बमोजिमको समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।

क) मुल्याङ्कनको आधारहरु तयार गर्ने।

ख) पेश भएका आशयपत्रहरुको मुल्याङ्कन गर्ने।

ग) मुल्याङ्कनबाट उत्तीर्ण भएका आशयपत्रहरुको फिल्ड भेरिफिकेसन गर्ने गराउने।

घ) मुल्याङ्कन तथा फिल्ड भेरिफेकसनबाट योग्य आशयपत्रहरुको सुची तयार गरी स्वीकृतिका लागि सिफारिस गर्ने।

ङ) आशय पत्र पेश गर्ने प्रदेश मन्त्रालय तथा स्थानीय तहलाई सुचित गर्ने।

१०. **<u>विस्तृत परियोजना प्रतिवेदन (Detailed Project Report) तयारी</u>:** छनौट भएका आशयपत्रहरु अनुसार स्थानीय तहहरुमा निर्माण हुने कृषि पूर्वाधारहरुका लागि आयोजनाको आर्थिक कोरिडोर कार्यालय मार्फत र प्रदेश तहमा निर्माण हुने संरचनाहरुका लागि कार्यालय मार्फत डिजाइन, इस्टिमेट लगायत विस्तृत परियोजना प्रतिवेदन (Detailed Project Report) तयार हुनेछ ।

११. **<u>कृषि पूर्वाधारहरुको निर्माण:</u>** (१) विस्तृत परियोजना प्रतिवेदन (Detailed Project Report) अनुसार संरचना निर्माणका लागि आवश्यक जग्गाको उपलब्धता लगायत प्रभावकारी कार्यक्रम कार्यान्वयनका लागि कार्यालयले सम्बन्धित प्रदेश मन्त्रालयसंग र आर्थिक कोरिडोर कार्यालयले सम्बन्धित स्थानीय तहसंग अनुसूची ५ बमोजिमको ढाँचामा सम्झौता गर्नेछ।

(२) उपदफा १ बमोजिमको सम्झौता बमोजिम प्रादेशिक/क्षेत्रीय कृषि बजार निर्माण वा स्तरोन्नती सम्बन्धित प्रदेशको समन्वयमा कार्यालय मार्फत हुनेछ ।स्थानीय तहमा निर्माण वा स्तरोन्नती हुने पूर्वाधारहरुको निर्माण वा स्तरोन्नती सम्बन्धीत स्थानीय तहसंगको समन्वयमा आर्थिक कोरिडोर कार्यालय मार्फत हुनेछ।

(३) आयोजनाबाट निर्माण वा स्तरोन्नतीको कार्य गर्दा नेपाल सरकारको सार्वजनिक खरिद कानुन अनिवर्यरुपमा अवलम्बन गर्नु पर्नेछ।

(४) विद्यमान वातावरण संरक्षण ऐन, २०७६ र नियमावली, २०७७ अनुसार निर्माण हुने संरचनाहरुको वातावरणीय अध्ययन, परिक्षण एवं मूल्यांकन गर्नु पर्ने/नपर्ने एकीन गर्ने र आवश्यक भएमा उक्त कार्य आयोजना मार्फत हुनेछ ।



सचिव

१२. निर्माणको अनुगमन, सुपरिवेक्षण र मूल्याङ्कन व्यवस्थाः (१) कृषि पूर्वाधार निर्माण तथा स्तरोनती कार्यको नियमित सुपरिवेक्षणको कार्य आयोजनाको प्राविधिक सहायता संस्थाले गर्नेछ ।

(२) कृषि पूवाधार विकास कार्यको प्रगति सम्बन्धित स्थानीय तह, प्रदेश मन्त्रालय, आर्थिक कोरिडोर कार्यालय र

कार्यालयमा नियमित रिपोर्टिङ्गको जिम्मेवारी प्राविधिक सहायता संस्थाको हुनेछ ।

(३) मन्त्रालय, प्रदेश मन्त्रालय, कार्यालय, आर्थिक कोरिडोर कार्यालय, स्थानीय तहहरु वा सम्बन्धित अन्य निकायहरुले समेत सन्चालित कार्यहरुको नियमित अनुगमन निरिक्षण गर्न सक्नेछन् ।

(४) दफा १४ बमोजिमको प्राविधिक तथा अनुगमन समितिले सन्चालित कार्यहरुको नियमित अनुगमन निरिक्षण र आश्यक पृष्ठपोषण गर्न सक्नेछन् ।

(५) कार्य समपन्न प्रतिवेदनको तयारी र भुक्तानी सिफारिसका लागि सम्बन्धित आर्थिक कोरिडोर कार्यालय वा आयोजना निर्देशक कार्यालयमा पेश गर्ने जिम्मेवारी प्राविधिक सहायता संस्थाको हुनेछ ।

१३. निर्माण भएका संरचनाहरुको स्वामित्वः (१) प्रस्तावित कृषि पूर्वाधारहरू निर्माण पश्चात संम्बन्धित प्रदेश मन्त्रालय वा स्थानीय तहको स्वामित्व रहने गरी हस्तान्तरण गरिनेछ ।

(२) निर्माण वा स्तरोन्नती कार्य सम्पन्न भएका कृषि पूर्वाधारहरु सम्बन्धित निकायलाइ हस्तान्तरणको व्यवस्था कार्यालयले मिलाउने छ।

## परिच्छेद- ३

## कृषि पूर्वाधार सञ्चालन तथा व्यवस्थापन

१४. कृषि पूर्वाधारको सञ्चालनः (१) यस कार्यविधि बमोजिम निर्माण वा स्तरोन्नति भएका स्थानीय कृषि तथा पशुपन्छी सेवा केन्द्र सञ्चालनको जिम्मेवारी सम्बन्धित स्थानीय तहको हुनेछ।

(२) स्थानीय तथा प्रदेश कृषि बजार तथा कृषि मुल्य शृङ्खला पूर्वाधारको संचालन प्रकृया विधमान व्यवस्था/ आयोजना र प्रदेश मन्त्रालय/स्थानीय तहको सहमतीमा तयार हुने सन्चालन प्रकृया बमोजिम हुनेछ।

सचिव

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
काठमाडौं

## परिच्छेद- ४

## विविध

**१५. प्राविधिक पृष्ठपोषण समितिको व्यवस्थाः** (१) कृषि पूर्वाधार निर्माण तथा स्तरोन्नति कार्यका लागि आवश्यकतानुसार प्राविधिक अनुगमन, मुल्याङ्कन तथा कार्यस्थलमा आइपर्ने अन्य समस्याहरुको समाधानका तथा पृष्ठपोषणका लागि देहाय बमोजिमको समिति रहनेछ।

| | |
|---|---|
| क) आयोजना निर्देशक कार्यालयको बरिष्ठ अधिकृत | संयोजक |
| ख) सम्बन्धित प्रदेश मन्त्रालय/स्थानीय तहको प्रतिनीधी | सदस्य |
| ग) सम्बन्धित आर्थिक कोरिडोर कार्यालयको अधिकृत प्रतिनीधी | सदस्य |
| घ) आयोजनाको प्राविधिक सहायता संस्थाको/ परामर्शदाता इन्जिनियर | सदस्य सचिव |

(२) उपदफा (१) अनुसारको समितिबाट समाधान हुन नसकेका समस्याहरु सम्बन्धित आर्थिक कोरिडोर कार्यालय तथा कार्यालयमा सिफारिस गर्नु पर्नेछ।

**१६. प्रचलित कानुन लागू हुने:** यस कार्यविधिमा उल्लेख भएका विषय सम्बन्धमा यसै कार्यविधि बमोजिम र अन्य विषयहरु प्रचलित कानुन बमोजिम हुनेछ। यस कार्यविधिका व्यवस्थाहरु प्रचलित कानुनसंग बाझिएमा बाझिएको हद सम्म अमान्य हुनेछ ।

**१७. अन्तिम व्याख्याः** यस कार्यविधिको बुझाईमा द्विविधा उत्पन्न भएमा अन्तिम व्याख्या मन्त्रालयले गरेबमोजिम हुनेछ।

**१८. अनुसूची मा हेरफेरः** यस कार्यविधिमा संलग्न अनुसूचीहरु मन्त्रालयले आवश्यकताका आधारमा परिमार्जन गर्न सक्नेछ।

**१९. खारेजी र बचाउः** मन्त्रालयले आवश्यकता अनुसार यस कार्यविधिमा संशोधन तथा खारेजी गर्न सक्नेछ।



सचिव

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

# अनुसूची १

## कृषि पूर्वाधार विकासका लागि आवश्यक न्युनतम क्षेत्रफल र आवश्यक संरचनाहरु

| क्र.सं. | कृषि पूर्वाधारको प्रकार | न्यूनतम आवश्यक क्षेत्रफल | | आवश्यक संरचनाहरु |
|---|---|---|---|---|
| | | तराई | पहाड | |
| १ | कृषि तथा पशु सेवा केन्द्र | १.५कट्ठा | १ कट्ठा | कार्यालय, प्रयोगशाला, तालिम हल, Agro-vet Outlet, भण्डारण घर, शौचालय, खानेपानी |
| २ | स्थानीय कृषि उपज संकलन केन्द्र | ३ कट्ठा | १.५ कट्ठा | भण्डारण सुविधा, सेड, शौचालय, खानेपानी, |
| ३ | स्थानीय कृषि हाट बजार (संकलन केन्द्र बाहेकको) | ५ कट्ठा | २.५ कट्ठा | बजार सेड, बजार सुचना केन्द्र, कार्यालय शौचालय, खानेपानी, |
| ४ | स्थानीय कृषि हाट बजार (संकलन केन्द्र सहितको) | ७ कट्ठा | ४ कट्ठा | बजार सेड, बजार सुचना केन्द्र, कार्यालय शौचालय, खानेपानी, भण्डारण सुविधा |
| ५ | क्षेत्रीय/प्रदेशिक कृषि बजार | १ विगाह | १० कट्ठा | भण्डारण घर, एप्रोच सडक, बजार सेड, बजार सुचना केन्द्र, कार्यालय शौचालय, खानेपानी, कम्पाउण्ड वाल, फोहोर मैला व्यवस्थापन सम्बन्धी संरचना |
| ६ | कृषि पूर्वाधार स्तरोन्नति | | | विद्यमान कृषि पूर्वाधारहरुमा भण्डारण घर, प्याकेजिङ्ग-ग्रेडिङ्ग-प्रशोधन लगायतका पूर्वाधार तथा मेशिनरी औजारहरु, तालिम हल, प्रयोगशाला निर्माण तथा उपकरणहरु, सुचना केन्द्र, फोहोर मैला व्यवस्थापन सम्बन्धी संरचना लगायत थप निर्माण वा पूननिर्माण |

**नोटः माथि उल्लेखित कृषि पूर्वाधार बाहेकका अन्य आवश्यक कृषि पूर्वाधार निर्माण वा स्तरोन्नतीका लागि प्राविधिक संभाव्यता अध्ययन गरी जगाको क्षेत्रफल निर्धारण गरिनेछ।**

सचिव

## अनुसूची २

### प्रदेश तहमा निर्माण हुने कृषि बजार पूर्वाधारहरुका लागि आशयपत्रमा समावेश गर्ने विवरणहरुको ढाँचा

| | |
|---|---|
| १. प्रदेश मन्त्रालयको नाम र ठेगाना: | |
| २. कृषि पूर्वाधार निर्माण हुने वार्ड नं: | |
| ३. निर्माण गर्न चाहेको कृषि संरचना: | |
| ४. निर्माण कार्यका लागि प्रस्तावित जग्गाको क्षेत्रफल | |
| ५. निर्माण कार्यका लागि प्रस्तावित जग्गा र स्थानीय आर्थिक कृयाकलाप हुने क्षेत्रबाट दुरी | |
| ६. निर्माण कार्यका लागि छुट्टाइएको जग्गाको स्वामित्व | |
| ७. निर्माण कार्यका लागि छुट्टाइएको जग्गामा निम्नानुसारको सुविधा भए/नभएको<br>७.१ बाटो<br>७.२ बिजुली<br>७.३ पानी<br>७.४ अन्य सुविधाहरु (केही भए उल्लेख गर्ने) | |
| ८. निर्माण कार्यका लागि प्रदेश मन्त्रालयबाट सहलगानी हुने/नहुने (हुने भए सहलगानीको किसिम) (नगद, जिन्सी, श्रमदान) | |
| ९. अनुमानित साझेदारी रकम रु | |
| १०. सेवाग्रहीको अनुमानीत संख्या | |

११. प्रस्ताव पेश गर्ने प्रदेश/स्थानीय तहलाई प्रस्तावित कृषि पूर्वाधार आवश्यकताका आधार र उद्देश्यहरु।

१२. प्रस्तावित कृषि पूर्वाधारको प्रारम्भिक नक्सा तथा डिजाइन भए/नभएको। भए छुट्टै पानामा पेश गर्ने।

१३. साझेदार संस्थाहरुको विविरण (लिखित प्रतिबद्धता पेश गर्ने)

१४. साझेदार संस्थाहरुको लगानिको विवरण

१५. कृषि पूर्वाधार निर्माणका लागि तोकिएको जग्गामा कुनै किसिमको व्यक्तिगत घर, टहरा, पसल वा सार्वजनिक/सामुदायिक संरचना आदि छ कि छैन? छ भने उक्त संरचना कसरी हटाउने हो सो को प्रकृयाको उल्लेख गर्ने।

१६. कृषि पूर्वाधार निर्माणका लागि तोकिएको जग्गा वातावरणिय हिसावले उपयुक्त भए नभएको उल्लेख गर्ने।

१७. फोहोर व्यवस्थापन सम्बन्धि विवरण।

१८. कृषि पूर्वाधार सञ्चालन सम्बन्धि प्रस्तावित व्यवस्था।

१९. आर्थिक तथा मानविय श्रोत तथा संस्थागत व्यवस्था उल्लेख गर्ने।

२०. प्रस्तावित कृषि पूर्वाधारबाट प्राप्त हुने अपेक्षित उपलब्धि। क्षेत्र, कृषि उपज तथा लाभग्राहीहरुको विवरण

कार्यालय/प्रमुखको नाम:

दस्तखत:

मिति:

कार्यालयको छाप:



सचिव

## अनुसूची ३

### स्थानीय तहमा निर्माण हुने कृषि बजार पूर्वाधारहरुका लागि आशयपत्रमा समावेश गर्ने विवरणहरुको ढाँचा

| | |
|---|---|
| १. स्थानीय तहको नाम र ठेगानाः | |
| २. कृषि पूर्वाधार निर्माण हुने वार्ड नं: | |
| ३. निर्माण गर्न चाहेको कृषि संरचनाः | |
| ४. निर्माण कार्यका लागि प्रस्तावित जग्गाको क्षेत्रफलः | |
| ५. निर्माण कार्यका लागि प्रस्तावित जग्गा र स्थानीय आर्थिक कृयाकलाप हुने क्षेत्रबाट अनुमानित दुरीः | |
| ६. निर्माण कार्यका लागि छुट्टाइएको जग्गाको स्वामित्वः | |
| ७. निर्माण कार्यका लागि छुट्टाइएको जग्गामा निम्नानुसारका सुविधा भए/नभएको<br>७.१ बाटो<br>७.२ बिजुली<br>७.३ पानी<br>७.४ अन्य सुविधाहरु (केही भए उल्लेख गर्ने) | |
| ८. निर्माण कार्यका लागि स्थानीय तहबाट सहलगानी हुने/नहुने (हुने भए सहलगानीको किसिम) (नगद, जिन्सी, श्रमदान) | |
| ९. अनुमानित साझेदारी रकम रु | |
| १०. सेवाग्रहीको अनुमानीत संख्या | |

११. प्रस्ताव पेश गर्ने प्रदेश/स्थानीय तहलाई प्रस्तावित कृषि पूर्वाधार आवश्यकताका आधार र उद्देश्यहरु।

१२. प्रस्तावित कृषि पूर्वाधारको प्रारम्भिक नक्सा तथा डिजाइन भए/नभएको। भए छुट्टै पानामा पेश गर्ने।

१३. साझेदार संस्थाहरुको विवरण (लिखित प्रतिबद्धता पेश गर्ने)

१४. साझेदार संस्थाहरुको प्रस्तावित लगानीको विवरण

१५. कृषि पूर्वाधार निर्माणका लागि तोकिएको जग्गामा कुनै किसिमको व्यक्तिगत घर, टहरा, पसल वा सार्वजनिक/सामुदायिक संरचना आदि छ कि छैन? छ भने उक्त संरचना कसरी हटाउने हो सो को प्रकृयाको उल्लेख गर्ने।

१६. कृषि पूर्वाधार निर्माणका लागि तोकिएको जग्गा वातावरणिय हिसावले उपयुक्त भए नभएको उल्लेख गर्ने।

१७. फोहोर व्यवस्थापन सम्बन्धि विवरण।

१८. कृषि पूर्वाधार सञ्चालन सम्बन्धि प्रस्तावित व्यवस्था।

१९. आर्थिक तथा मानविय श्रोत तथा संस्थागत व्यवस्था उल्लेख गर्ने।

२०. प्रस्तावित कृषि पूर्वाधारबाट प्राप्त हुने अपेक्षित उपलब्धि। क्षेत्र, कृषि उपज तथा लाभग्राहीहरुको विवरण

कार्यालय/प्रमुखको नाम:

दस्तखत:

मिति:

कार्यालयको छाप:



सचिव

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरवार, काठमाडौं

## अनुसूची ४

### प्रदेश तथा स्थानीय तहमा कृषि पूर्वाधार स्तरोन्नतीका लागि आशयपत्रको ढाँचा

| | |
|---|---|
| १. प्रदेश/गाउँपालिका/नगरपालिकाको नाम: | |
| २. कृषि पूर्वाधार स्तरोन्नती हुने वार्ड नं: | |
| ३. स्तरोन्नतीका लागि प्रस्ताव गरिएको संरचनाको किसिम: | |
| ४. स्तरोन्नती कार्यका लागि छुट्टाइएको जग्गाको स्वामित्व | |
| ५. स्तरोन्नती कार्यका लागि छुट्टाइएको जग्गामा सुविधा भए/नभएको<br>५.१ बाटो<br>५.२ बिजुली<br>५.३ पानी<br>५.४ अन्य सुविधा | |
| ६. स्तरोन्नती कार्यका लागि प्रदेश/स्थानीय तहको सहलगानी हुने/नहुने | |
| ७. सेवाग्राहीको अनुमानीत संख्या | |

८. प्रस्ताव पेश गर्ने प्रदेश/स्थानीय तहलाई प्रस्तावित कृषि पूर्वाधार स्तरोन्नतीको आवश्यकताका आधारहरु र उद्देश्य।
९. स्तरोन्नतीका लागि प्रस्तावित कृषि पूर्वाधारको प्रारम्भिक नक्सा तथा डिजाइन भए छुट्टै पानामा पेश गर्ने।
१०. साझेदार संस्थाहरुको विविरण (लिखित प्रतिबद्धता पेश गर्ने)
११. साझेदार संस्थाहरुको लगानिको विवरण
१२. कृषि पूर्वाधार स्तरोन्नतीको लागि तोकिएको जग्गामा कुनै किसिमको व्यक्तिगत घर टहरा पसल वा सार्वजनिक/सामुदायिक संरचना आदि छ कि छैन? छ भने उक्त संरचना कसरी हटाउने प्रकृयाको उल्लेख गर्ने।
१३. कृषि पूर्वाधार स्तरोन्नतीको लागि तोकिएको जग्गा वातावरणिय हिसावले उपयुक्त भए नभएको उल्लेख गर्ने।
१४. फोहोर व्यवस्थापन सम्बन्धी व्यवस्था
१५. प्रस्तावित कृषि पूर्वाधार सञ्चालन सम्बन्धी प्रस्तावित व्यवस्था (आर्थिक तथा मानविय श्रोत तथा संस्थागत व्यवस्था उल्लेख गर्ने)
१६. प्रस्तावित कृषि पूर्वाधार स्तरोन्नतीबाट प्राप्त हुने अपेक्षित उपलब्धी - क्षेत्र, कृषि उपज तथा लाभग्राहीहरुको विवरण

कार्यालय/प्रमुखको नाम:
दस्तखत:
मिति:
कार्यालयको छाप:



सचिव

## अनुसूची ५

**ग्रामिण उद्यम तथा आर्थिक विकास आयोजना .................................................कार्यालय र प्रदेश मन्त्रालय/स्थानीय तह संग कृषि पूर्वाधार विकास तथा संचालन सम्बन्धि सम्झौता पत्र।**

नेपाल सरकार, कृषि तथा पशुपन्छी विकास मन्त्रालयबाट कार्यान्वयन भएको ग्रामीण उद्यम तथा आर्थिक विकास आयोजना ..........................................................................को स्वीकृत बार्षिक कार्यक्रम अनुसार मिति ................ गतेको ................................ राष्ट्रिय दैनिकमा प्रकाशित सुचना मुताविक पेश भएका आशय पत्रहरु मध्ये ..................................................बाट पेश भएको आशय पत्र "कृषि पूर्वाधार विकास कार्यबिधि, २०७८" अनुसार आशय मत्र मुल्याङ्कन तथा छनौट समितिको मिति .................... गतेको निर्णय अनुसार ........................................................... आशय पत्र छनौट भएकाले यस ............................................................ (*यस पछि प्रथम पक्ष भनिने*) र ....................................... (*यस पछि दोश्रो पक्ष भनिने*) बिच तपशिल बमोजिमका शर्तहरुको अधिनमा रही ................................................ र्माण/स्तरोन्नती तथा सञ्चालन गर्न मन्जुर भै यो द्विपक्षिय समझदारी पत्रमा हस्ताक्षर गरी दियौं/लियौं। ईति सम्बत ............ साल ........... महिना .......... गते ...... रोज शुभम्।

### तपशिल

१. दोश्रो पक्षले प्रस्तावित ............................... निर्माण/स्तरोन्नती कार्य ......................प्रदेश...............जिल्ला........................गाउँपालिका/नगरपालिका वार्ड नं................ मा सम्पन्न गरिनेछ।

२. दोश्रो पक्षले ...............................निर्माण/स्तरोन्नती कार्य का लागि प्रस्तावित जग्गा सरकारि/सर्वाजनीक निकायको स्वामत्वमा भएको प्रमाण प्रथम पक्षलाइ बुझाउनु पर्नेछ।

३. प्रस्तावित ..............................निर्माण/स्तरोन्नति हुने जग्गामा घर, टहरा वा अन्य संरचना भए सो हटाउने तथा अन्य नकारात्मक सामाजिक प्रभाव न्यूनीकरणको जिम्मेवारी दोश्रो पक्षको हुनेछ।

४. प्रस्तावित .............................. निर्माण/स्तरोन्नती कार्य गर्नु पुर्व आवश्यक वातावरणीय अध्ययन, परिक्षण तथा मुल्याङ्कन गराउने कार्य प्रथम पक्षको हुनेछ।

५. प्रस्तावित ...............................निर्माण/स्तरोन्नती कार्यको डिजाइन तथा लागत अनुमान सहितको Detailed Project Report (DPR) तयार गर्ने जिम्मेवारी प्रथम पक्षको हुनेछ।

६. तयार भएको Detailed Project Report (DPR) लाइ अन्तिम रुप प्रथम पक्ष र दोश्रो पक्षले आपसी सहमतिमा निर्णय गर्नेछन्।

७. प्रथम पक्ष र दोश्रो पक्ष बिचमा भएको सहमतिको आधारमा तयार भएको Detailed Project Report (DPR) बमोजिमको नक्सापास गर्ने जिम्मा दोश्रो पक्षको हुनेछ।

८. Detailed Project Report (DPR) बमोजिमको ...............................निर्माण/स्तरोन्नती कार्य सम्पन्न गर्ने कार्य प्रथम पक्षको हुनेछ।



सचिव

९. प्रस्तावित ............................... निर्माण/स्तरोन्नती कार्यमको लागि Detailed Project Report (DPR) मा उल्लेख गरेबमोजिम कोभिड-१९ बाट प्रभावित विपन्न स्थानीयहरुलाइ कामका लागि नगद विधि अनुसार अनिवार्य रोजगारी प्रदान गर्नु पर्नेछ। कोभिड-१९ बाट प्रभावित विपन्न स्थानीयहरुको छनौट तथा परिचालनको कार्य दोश्रो पक्षको हुनेछ।

१०. प्रस्तावित ............................... निर्माण/स्तरोन्नती प्रकृयाहरुको नियमित अनुगमन, मुल्याङ्कन तथा पृष्ठपोषणको कार्य यसै कार्यविधिको दफा १० बमोजिमको समितिको हुनेछ।

११. प्रस्तावित ............................... निर्माण/स्तरोन्नती कार्य सम्पन्न पश्चात प्रथम पक्षले ............................... निर्माण/स्तरोन्नती भएको पूर्वाधार दोश्रो पक्षलाइ हस्तान्तरणको व्यवस्था मिलाउनेछ।

१२. हस्तान्तरण पश्चात कृष पूर्वाधारकव सलनञ्चा तथा मर्मत सम्भारको सम्पुर्ण जिम्मेवारि दोश्रो पक्षको हुनेछ।

१३. सम्झौतामा उल्लेख हुन छुटेका विषयको हकमा “कृषि पूर्वाधार विकास सम्बन्धी कार्यविधि, २०७८” अनुसा। तथा अन्य विषय प्रचलित कानुन बमोजिम हुनेछ। कार्यक्रम सञ्चालनका दौरानमा कुनै कुरा परिमार्जन गर्नु परेमा दुवै पक्षको आपसि सहमति अनुसार हुनेछ।

१४. यस सम्झौतामा उल्लेखित बुँदाहरुकव हकमा नेपाल सरकार, कृषि तथा पशुपन्छी विकास मन्त्रालयको व्याख्या अन्तिम हुनेछ।

| | |
|---|---|
| दोश्रो पक्षको तर्फबाट | प्रथम पक्षको तर्फबाट |
| हस्ताक्षर : | हस्ताक्षरः |
| नाम : | नाम : |
| ठेगाना : | पद : |
| कार्यालयको छापः | कार्यालयको छापः |

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं



सचिव